

# २ वेचैन र विद्रोही मनस्थिती

***यस अध्यायका मूल पदहरू*** गन्ती ११:१-३३, गन्ती १२:१-१३, गन्ती १३:२७-३३, गन्ती १४:१-२३, १ कोरन्थी १०:१-११,गन्ती १४:३९-४५।

***यस अध्यायको मूल सार पद:*** **"यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ" (१ कोरिन्थी १०:११)।**

कुकुर र अरू घर पालुवा जनावरहरूले अनौठो र बेचैन बानिव्यहोरा ठूलो भुकम्पहरू आउनुभन्दा अघि देखाएको मानिसहरूले शताब्दीयौँदेखि अनुभव गरिरहेकाछन्।

सबभन्दा पहिले भूकम्पको धक्का वा जमिनमूनि हुने तरङ्गहरू पशुहरूले अनुभव गर्न सक्छन् भनेर वैज्ञानिकहरूले निश्कर्ष निकालेका छन्। अनि त्यसपछि ठूलो सबैलाई हल्लाउने भूकम्प जान्छ। पशुहरूले भूकम्पको महसुस मानिसहरूले भन्दा पहिले गर्न सक्ने मनस्थिति भएको हुन्छ। त्यसैकारण जमिन हल्लिनु ठीक अघि जनावरहरू अलमलमा परेका, अशान्ति परेका घट्नाहरूलाई बुझाउँछ। कतिपय जनावरहरू जस्तै हात्तीहरूले जमिनमूनिबाट आएको कम फ्रिक्वेन्सी आवाजका तरङ्गहरू र जमिन हल्लिँदा आउने कम्पनहरू महसुस गर्न सक्छन् जुन मानिसहरूलाई थाहा हुँदैन।

सन २०११, अगस्ट २३मा अमेरिकाको राजधानी वाशिङ्टन डीसीमा ५.८ रेक्टरस्केलको भूकम्प आएको थियो। त्यो आउनुभन्दा केही मिनेट अघि स्मिथसोनियन इन्स्टिच्यटको राष्ट्रिय चिडियाखानामा रहेका जनावरहरूले अनौठो व्यवहार देखाएका थिए। ती जनावरहरूमा लिमुर बाँदरहरूले भूकम्प आउनुभन्दा १५ मिनेट अघि ठूलो ठूलो स्वरले चिच्याउन थालेका थिए।

यस अध्यायमा बेचैन वा अशान्तिका कारण मानिसहरूमा भएका अनौठो उदाहरणहरूको बारेमा हेर्नेछौं। ती अनौठो उदाहरणहरू कुनै भूकम्प वा प्राकृतिक प्रकोप आउनुभन्दा अघिको मानिसमा भएका होइन तर पतित मानव जातको पापी स्वभावको कारणले भएको थियो। जब मानिस विश्‍वास र आज्ञाकारिताद्वारा येशूमा पाउने विश्रामलाई पन्छाउँछ तब मानव स्वभावमा अनौठो व्यवहार आउँदछ।

## १. उजाडस्थान वा मरुभूमिमा बेचैन

सुरूमा अत्यन्तै उत्साहित भएर मिश्रदेशबाट निस्केका इस्राएलीहरू जब तिनीहरूले अपेक्षा गरेका मह र दुध बहने कनान देशतिर यात्रा गर्दै रहँदा तिनीहरू बेचैन, असंतुष्ट र दुःखी भएका थिए। तिनीहरू मिश्रदेश छोडेको एक वर्षभन्दा बढि भएको थियो (गन्ती १:१)। तिनीहरू प्रतिज्ञा गरिएको देशमा पस्न तयार थिए। तिनीहरू सबैको गिन्ति भएको थियो र तिनीहरूलाई व्यवस्थित पारिएका थिए। तिनीहरूमाथि परमेश्‍वरले देखाउनुभएको अकल्पनिय अलौकिय प्रकट तथा प्रदर्शनहरूको साक्षी तिनीहरू थिए। त्यसले तिनीहरूको पक्षमा परमेश्‍वर हुनुहुन्छ र उहाँको उपस्थित छ भनेर विभिन्न तरिकाहरूद्वारा स्पष्टरूपमा देखाइएको थियो। तर सिनै पहाडबाट यात्रा गरेको पहिलो ठाँउमा नै तिनीहरूले गनगन गर्न थालेका थिए।

**इस्राएलीहरूको गुनासो के थिए त? हेर्नुहोस् गन्ती ११:१-१५ "१ यतिखेर परमप्रभुको कानमा पुग्ने गरी ती मानिसहरू आफ्ना कष्टहरूका विषयमा गनगनाउन लागे। जब परमप्रभुले यो सुन्नुभयो, तब उहाँको क्रोध दन्क्यो, र परमप्रभुको अग्नि सल्केर छाउनीको पल्लो भाग भस्म पारिदियो। २ अनि मानिसहरू मोशाकहाँ आएर विलाप गरे। तब मोशाले परमप्रभुलाई प्रार्थना गरे, र आगो निभ्यो। ३ यसकारण त्यस ठाउँको नाउँ तबेरा राखियो, किनभने परमप्रभुको आगो तिनीहरूका बीचमा दन्केको थियो। ४ अनि तिनीहरूसँग भएको एक हुल्याहा समूह साह्रै लालची भयो, र इस्राएलीहरूले फेरि रोएर भन्न लागे, "हामीले मासु खान पाए त हुन्थ्यो! ५ हामीले मिश्रदेशमा सित्तैंमा खान पाएका माछा हामी सम्झन्छौं– अनि काँक्रा, खरबूजा, छ्यापीहरू, प्याज र लशुन पनि। ६ तर अब त हाम्रो रुचि हराएको छ। यो मन्न छोड़ी अरू केही कुरा देखिँदैन।" ७ मन्नचाहिँ धनियाँजस्तो थियो, र हेर्दा खोटोजस्तै देखिन्थ्यो। ८ मानिसहरू गएर त्यो जम्मा गर्थे, जाँतोमा पिँध्थे वा ओखलीमा कुट्थे, र भाँड़ामा**

**पकाएर फुरौला बनाउँथे। त्यसको स्वाद भद्राक्षको तेलले पकाएको कुरोजस्तो थियो। ९ छाउनीमा राती शीत झर्दा मन्न पनि सँगै झर्थ्यो। १० आ-आफ्नो पालको ढोकामा उभिएर हरेक परिवारका मानिसहरू रोइरहेका मोशाले सुने। परमप्रभु ज्यादै क्रोधित हुनुभयो, र मोशा दुःखित भए। ११ मोशाले परमप्रभुलाई भने, "तपाईंले किन आफ्नो दासलाई यो दुःख दिनुभएको छ? अनि किन मैले तपाईंको दृष्टिमा अनुग्रह पाएको छैनँ, र तपाईं मलाई यी सब मानिसहरूको भार बोकाउनुहुन्छ? १२ के यी मानिसहरूलाई मैले कोखमा राखेर जन्माएको हुँ? के तिनीहरूका पुर्खाहरूसँग शपथ खाएर प्रतिज्ञा गर्नुभएको देशमा दूधे-बालकलाई धाईले बोकेझैं यिनीहरूलाई बोकेर लैजान मलाई लगाउनुहुन्छ? १३ यी सब मानिसले खाने मासु म कहाँ पाऊँ? 'हामीलाई मासु खान देऊ' भनी तिनीहरू मकहाँ आएर रुन्छन्। १४ म एकलै यी मानिसहरूको भार सहन सक्दिनँ, किनभने यो भार मलाई साह्रै चर्को छ। १५ तपाईं मसित यस्तै व्यवहार गर्नुहुन्छ भने, र मैले तपाईंको निगाह पाएको छु भने, बिन्ती छ, बरु मलाई मारिदिनुहोस्, र मैले आफ्नो विनाश आफै हेर्नु नपरोस्।"**

मिश्रदेशमा पाएका मासु, काँक्राहरू, खरबुजाहरू, छ्यापीहरू, प्याजहरू र लसुनहरूलाई तिनीहरूले सम्झे र तिनीहरूलाई पाउन हुरुक्कै भए। मन्नादेखि वाक्क लागेर तिनीहरू आफ्नो देखेसो यसरी पोखाउँछन्, "४ अनि तिनीहरूसँग भएको एक हुल्याहा समूह साह्रै लालची भयो, र इस्राएलीहरूले फेरि रोएर भन्न लागे, "हामीले मासु खान पाए त हुन्थ्यो! ५ हामीले मिश्रदेशमा सित्तैंमा खान पाएका माछा हामी सम्झन्छौं– अनि काँक्रा, खरबूजा, छ्यापीहरू, प्याज र लशुन पनि। ६ तर अब त हाम्रो रुचि हराएको छ। यो मन्न छोड़ी अरू केही कुरा देखिँदैन" (गन्ती ११:४-६)। तिनीहरूले दासत्वको जीवन बिताउनु परेको र कठोर भार बोक्नुपरेको कुरा खाना सम्झेपछि बिर्सेका होलान् (प्रस्थान १)। आफूहरूले चाहेको कुरामात्रै सम्झिने बानीले तिनीहरूलाई सताएको हुनुपर्छ।

परमेश्वरले तिनीहरूलाई मन्ना ख्वाउनुभएको एक वर्षभन्दा बढि भएको थियो। तर तिनीहरू त्यसदेखि वाक्क भए, वेचैन भए र अरू केहीको चाहना गर्न थाले। यसले मोशालाई पनि प्रभाव पारेको थियो। अशान्तिले ग्रस्त भएका मानिसहरूको नेतृत्व गर्न खोज्नु सजिलो छैन। तर आफ्नो दुःख कसलाई पोखाउनुपर्ने हो सो मोशालाई थाहा थियो। ""तपाईंले किन आफ्नो दासलाई यो दुःख दिनुभएको छ? अनि किन मैले तपाईंको दृष्टिमा अनुग्रह

पाएको छैनँ, र तपाईं मलाई यी सब मानिसहरूको भार बोकाउनुहुन्छ? के यी मानिसहरूलाई मैले कोखमा राखेर जन्माएको हुँ? के तिनीहरूका पुर्खाहरूसँग शपथ खाएर प्रतिज्ञा गर्नुभएको देशमा दूधे-बालकलाई धाईले बोकेझैं यिनीहरूलाई बोकेर लैजान मलाई लगाउनुहुन्छ?" (गन्ती ११:११-१२)।

**परमेश्वरले तिनीहरूको गनगनलाई कसरी जवाफ दिनुहुन्छ? हेर्नुहोस्, गन्ती ११:१६-३३ "१६ तब परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलका धर्म-गुरुमा सत्तरी जना जम्मा गर, जो मानिसहरूमा नायक र अधिकारीहरू छन् भन्ने तिमीलाई थाहा छ, अनि तिनीहरूलाई भेट हुने पालमा ल्याऊ, र तिनीहरू त्यहाँ तिम्रो साथमा उभिऊन्। १७ म तल आएर त्यहाँ तिमीसँग कुरा गर्नेछु। तिमीमाथि भएका आत्माबाट केही लिएर तिनीहरूमाथि राखिदिनेछु। तिनीहरूले तिमीसँगसँगै ती मानिसहरूको भार बोक्नेछन्, र तिमीले एक्लै बोक्नु नपरोस्। १८ "तिमीले मानिसहरूलाई भन्: 'भोलिको निम्ति तिमीहरूले आफूलाई चोख्याउनू, जब तिमीहरूले मासु खानेछौ। तिमीहरूले परमप्रभुको कानमा यसो भनेर रोएका छौ, "हामीले मासु खान पाए त हुन्थ्यो! हामीलाई मिश्रदेश नै असल थियो।" अब परमप्रभुले तिमीहरूलाई मासु दिनुहुन्छ, र तिमीहरूले त्यो खानेछौ। १९ दुई-चार या दश-बीस दिन मात्र होइन, २० तर नाकबाट निस्केर वाक्क लागेसम्म तिनीहरूले महिनाभरि त्यो खानेछौ। किनभने तिमीहरूले आफ्ना बीचमा हुनुहुने परमप्रभुलाई अस्वीकार गरेर उहाँकै सामुन्ने "हामी किन मिश्रबाट निस्केर आयौं नि?" भनी रोएका छौ'।" २१ तर मोशाले भने, "मसँग यस यात्रामा पैदल हिँड्ने छ लाख छन्, तापनि महिनाभरि म तिनीहरूलाई मासु दिनेछु भनी तपाईं भन्नुहुन्छ। २२ के यी सबै भेड़ाबाखाका बगालहरू र गाईबस्तुका बथानहरू मारेर यतिका मान्छेलाई पुग्छ र? अथवा समुद्रका सारा माछाहरू पक्रेर पनि तिनीहरूलाई पुग्छ र?" २३ परमप्रभुले मोशालाई भन्नुभयो, "के परमप्रभुको शक्ति कम भएको छ र? अब मैले तिमीलाई भनेको कुरा हुन आउँछ कि आउँदैन त्यो तिमीले देख्नेछौ।" २४ यसकारण मोशाले बाहिर गएर परमप्रभुले भन्नुभएको वचन मानिसहरूलाई सुनाइदिए। तिनले धर्म-गुरुहरूबाट सत्तरी जनालाई पालको वरिपरि उभ्याए। २५ तब परमप्रभु बादलमा तल आएर तिनीसित कुरा गर्नुभयो, र तिनले आफूसित भएका आत्माबाट केही लिएर ती सत्तरी जना धर्म-गुरुहरूमाथि राखे। अनि तिनीहरूमाथि आत्मा आएपछि तिनीहरूले अगमवाणी गरे। तर पछिपछि त तिनीहरूले त्यसो गरेनन्। २६ तर त्यहाँ छाउनीमा एल्दाद र मेदाद नाउँ भएका दुई जना मानिस थिए।**

**तिनीहरूको नाउँ पनि दर्ता भएको थियो, तर तिनीहरू पालमा भने गएका थिएनन्। तर आत्मा तिनीहरूमाथि पनि आए, र तिनीहरूले छाउनीमा नै अगमवाणी गरे। २७ तब एउटा जवान मोशाकहाँ दौड़ेर गई भने, "एल्दाद र मेदादले छाउनीमा अगमवाणी गर्दैछन्।" २८ युवावस्थादेखि मोशाका सहायक, नूनका छोरा यहोशूले मोशालाई भने, "हजूर, तिनीहरूलाई रोक्नुहोस्।" २९ तर मोशाले तिनलाई भने, "के मेरो खातिर तिमी डाह गर्ने भयौ? परमप्रभुले आफ्ना आत्मा आफ्ना सबै मानिसमाथि राखिदिएर ती सबै अगमवक्ता भइदिए त कति असल हुनेथियो।" ३० तब मोशा र इस्राएलका धर्म-गुरुहरू छाउनीमा फर्के। ३१ अनि परमप्रभुले चलाउनुभएको बतासले समुद्रबाट बट्टाई चराहरू ल्यायो, र छाउनीको वरिपरि एक-एक दिनको बाटोभरि जमिनमा दुई हात बाक्लो हुने गरी ती बसे। ३२ मानिसहरूले त्यस दिनभरि, रातभरि र भोलिपल्ट दिनभरि पनि ती समाते। थोरैभन्दा थोरै बटुल्नेले पनि पच्चीस मुरी बटुले। तिनीहरूले आफ्ना निम्ति छाउनीका चारैतिर ती फिंजाए। ३३ तर मासु तिनीहरूका दाँतैमा हुँदा र त्यसलाई चपाउनै नपाउँदा, परमप्रभुको क्रोध ती मानिसहरूमाथि दन्क्यो, र उहाँले ती मानिसहरूलाई भयङ्कर विपत्तिले प्रहार गर्नुभयो" (गन्ती ११:१६-३३)।**

जब हामी अशान्ति वा बेचैन हुन्छौं र कराउँछौं तब हाम्रो आवश्यकताको निम्ति उहाँ बहिरो वा कानो हुनुहुन्न भनेर उहाँले देखाउनुभएको थियो। तिनीहरूको मासु खाने भोकलाई तृष्ट पार्न परमेश्वरले तिनीहरूलाई बट्टाईं चराहरू दिनुभयो। तर इस्राएलीहरूले ती चराहरूको चाहना गरेका थिएनन्। जब हामी अशान्ति र बेखुशी हुन्छौं र रिसाउँछौं तब केदेखि वा कोसँग रिसाउँछौं त्यो बिस्फोटकको रूपमा पड्किन सक्छ। कतिपय समयमा के कारणले रिसायौं भनेर सोच्दा पनि सोच्दैनौं। हामी झगडा गर्छौं किनकि हाम्रो भित्री हृदयमा केही नै केही कुराहरू गुम्साइरहेका हुन्छौं त्यसले गर्दा हाम्रो पारस्परिक सम्बन्धमा पनि असर पार्दछ। परमेश्वरको नेतृत्वप्रति इस्राएलीहरूले विद्रोह गरे वा रुष्ट भएका थिए। यस मामिलामा हामी सबै होशियार हुनुपर्छ। हाम्रो तत्काल परिस्थिति र परिवेश के हो त्यसलाई वेवास्ता गरेर आवेशमा आएर हामी अप्रिय कदम चाल्न सक्छौं।

**विगतको समय खराबै भएतापनि कस्तो असल थियो भनेर सम्झिनु वा ठान्नु किन सजिलो छ?**

## २. यो सरुवा रोग जस्तै हो

गन्ती १२:१-३ पढ्नुहोस्। मोशाका दाजु हारुन र उनकी दिदी मिरियम किन रिसाएका थिए? "१ मोशाकी कूशी पत्नीको कारणले मरियम र हारून मोशाको विरुद्धमा बोल्न लागे, किनभने तिनले कूशी पत्नी ल्याएका थिए। २ तिनीहरूले भने, "के परमप्रभुले केवल मोशाद्वारा मात्र कुरा गर्नुभएको छ र? के उहाँले हामीद्वारा पनि कुरा गर्नुभएको छैन र?" अनि परमप्रभुले यो कुरा सुन्नभयो। ३ मोशाचाहिँ पृथ्वीभरिमा सबैभन्दा विनम्र व्यक्ति थिए।"

मोशाको कूशी श्रीमती देखेर मिरियम र हारुन खुशी थिएनन्। जिफोरा विदेशी वा इस्राएल जातिभन्दा बाहिरकी स्त्री थिइन्। उनी मिडिनाकी थिइन् (प्रस्थान ३:१)। उनको जात नमिलेको र इस्राएलीहरूको निम्ति उनी तल्लोस्तरकि थिइन्। जान्नेसुन्ने र गन्यमान्य इस्राएलीहरूमा पनि मानिसहरूको पतित स्वभाव देखाइएको थियो। त्यो पनि रमाइलो तरिकाले होइन। कसैप्रति डाहा गर्नु वा अरूभन्दा आफू ठूलो जातको वा प्रतिष्ठाको ठानेर रिस पोखाउनु कहिल्यै रमाइलो हुन्छ र?

तर बाइबलले स्पष्टरूपमा देखाउँछ कि मोशाकी श्रीमतीसँग डाहा गर्नु केवल बहानामात्रै थियो। तिनीहरूको गुनासोको मूख्य विषयबस्तु त अगमवाणी बोल्ने बरदान वा परमेश्वरसँग कुराकानी गर्ने अवसरको बारेमा थियो। मोशाको नेतृत्वलाई सघाउन सत्तरी जना एल्डरहरूलाई नियुक्त गर्न परमेश्वरले अऱ्हाउनुभएको अघिल्लो अध्यायमा देखाइएको छ (गन्ती ११:१६,१७,२४,२५)। हारुन र मिरियमले पनि मूख्य नेतृत्वको भूमिका खेलिरहेका थिए (प्रस्थान ४:१३-१५, मीका ६:४)। अब नयाँ मानिसहरूले नेतृत्व पाएको हुनाले तिनीहरूको इज्जत वा सम्मानमा धक्का भएको तिनीहरूले महसुस गरेका थिए। तिनीहरूले स्पष्टरूपमा आफ्नो मनको कुरा यसरी पोखाएका थिए, "के परमेश्वरले मोशाबाटमात्र बोल्नुभएको छ र? उहाँले हामीबाट पनि बोल्नुभएन र?" (गन्ती १२:२ रूपान्तरित)।

तिनीहरूको त्यो गुनासोलाई परमेश्वरले कसरी सम्बोधन गर्नुभयो? हेर्नुहोस्, गन्ती १२:४-१३। परमेश्वरले किन निर्णायत्मकरूपमा सम्बोधन गर्नुभयो? हेर्नुहोस्, "४ परमप्रभुले तुरुन्तै मोशा, हारून र मिरियमलाई भन्नुभयो, "तिमीहरू तीनै जना भेट हुने पालमा आओ।" अनि ती तीनै जना आए। ५ तब परमप्रभु बादलको खामोमा आई भेट हुने पालको ढोकामा उभेर हारून र मिरियमलाई बोलाउनुभयो। जब ती दुवै अगि आए, ६ तब उहाँले भन्नुभयो, "अब

**मेरो कुरा सुनः "जब तिमीहरूका बीचमा परमप्रभुको कुनै अगमवक्ता छ, तब म त्यससँग दर्शनमा आफैलाई प्रकट गर्छु, त्यससँग सपनामा कुरा गर्छु। ७ तर मेरो दास मोशासित त म त्यसो गर्दिनँ। त्यो त मेरा सबै घरानामा विश्वासी छ। ८ त्यससँग म गुप्त रीतिले होइन, तर आमनेसामने प्रष्टसँग कुरा गर्छु, र मेरो स्वरूप त्यसले हेर्छ। यसैकारण मेरो दास मोशाको विरुद्धमा बोल्न तिमीहरूलाई किन डर लागेन?" ९ अनि तिनीहरूका विरुद्धमा परमप्रभुको क्रोध दन्क्यो, र उहाँ त्यहाँबाट गइहाल्नुभयो। १० पालमाथिबाट बादल हट्दा मिरियम कोर लागेर हिउँजस्तै सेती भइसकेकी थिइन्। हारूनले मिरियमलाई हेर्दा तिनी कोरी भइसकेकी देखे। ११ हारूनले मोशालाई भने, "मेरा प्रभु, बिन्ती छ, हामीले मूर्खता गरेर पाप गरेका छौं, तर यसको दण्ड हामीले भोग्नु नपरोस्। १२ आमाको गर्भबाट निस्कँदै आधा कुहेर मरिसकेको जस्तो यसलाई हुन नदिनुहोस्।" १३ तब मोशाले यसो भनेर परमप्रभुमा पुकारा गरे, "हे परमेश्वर, म आग्रहपूर्वक बिन्ती गर्दछु, त्यसलाई निको पारिदिनुहोस्।"**

परमेश्वरको जवाफ तुरन्तै थियो र त्यसमा विवाद गर्ने कुनै ठाउँ थिएन। अगमवाणी बोल्ने बरदान शक्तिवान बनाउने हतियार होइन। परमेश्वरमाथि अत्यन्तै भर पर्न सिकेको हुनाले मोशा नेतृत्व गर्न योग्य थियो।

पद १ मा हारुनभन्दा पहिले मिरियमलाई उल्लेख गरेकोले मोशामाथि आक्रमक हुन उनको पहिलो अग्रसरता थियो भनेर देखाउँछ। यस समयसम्म त हारुन सारा इस्राएलको निम्ति अति सम्माननीय पद प्रधानपूजारी भएर सेवा गरिरहेका थिए। यदि उनलाई कोढ रोग लागेको भए उनी पवित्रस्थानमा जान सक्ने थिएन र मानिसहरूको निम्ति सेवा गर्न सक्ने थिएन। मिरियमकी अस्थायी कुष्ट रोगले परिवारमा हुनुपर्ने मनस्थितिको परिवर्तन कस्तो आवश्यक रहेछ देखाउँछ। मोशाप्रति दाजुदिदीले देखाएको रिस परमेश्वरको सामु अमान्य छ भने उहाँले प्रस्टरूपमा प्रकट गर्नुभएको थियो। जुनरूपमा हारुनले मिरियमको निम्ति बिन्ती गरे त्यस मामिलामा हारुन पनि संलघ्न भएका थिए भनेर देखाउँदछ (गन्ती १२:११)। अब गनगन र बेचैनको सट्टामा हारुनले मिरियमको निम्ति मोशालाई बिन्ति गरेको पाउँछौं (गन्ती १२:११-१३)। यस खालको मनस्थिति आफ्ना जनहरूमा भएको परमेश्वर चाहनुहुन्छ। उहाँले उनको बिन्ति सुन्नुहुन्छ र मिरियमलाई निको पार्नुहुन्छ।

**चर्चको नेतृत्ववर्ग वा कुनै पनि तहको विरुद्धमा आलोचना गर्नु जहिले पनि सजिलो त छ तर तिनीहरूसँग असहमत नै भएतापनि यदि तिनीहरूको**

निम्ति प्रार्थना गरे हाम्रो चर्चको नेतृत्ववर्ग र हाम्रो आफ्नै आत्मिक जीवन कतिको उत्तम हुने थियो होला?

## ३. बेचैन वा अशान्तिले बिद्रोहतिर अग्रसर गराउँछ

जब इस्राएलीहरू मिश्रदेशबाट निस्के तब तिनीहरू सबै सकारात्मक थिए। आखिरमा तिनीहरू कनान देशको सिमानामा आइपुगे। तिनीहरूले १२ जासुसहरूले त्यस देशको भेद र त्यहाँको बस्तुस्थिति पत्ता लगाउन पठाए। जब त्यहाँबाट तिनीहरू फर्के तब तिनीहरूले अचम्मको रिपोर्ट ल्याए।

**जासुसहरूले दिएको रिपोर्ट गन्ती १३:२७-३३ पढ्नुहोस्। जब तिनीहरूले त्यो सुने तब इस्राएलीहरूका अपेक्षाहरू धरासयी भएको थियो। कुन कुराहरूमा तिनीहरूको दिमागलाई नराम्रोसँग हल्लाइ दियो? हेर्नुहोस्, "१७ मोशाले तिनीहरूलाई कनान देशको भेद लिन पठाएर तिनीहरूलाई भने, "यहाँबाट लागेर नेगेव भनिने दक्षिण क्षेत्रबाट पहाड़तिर जाओ, १८ र देश कस्तो छ, त्यहाँ बस्ने मानिसहरू बलिया छन् कि निर्धा छन्, धेरै छन् कि थोरै छन् सो पत्ता लगाओ। १९ उनीहरू बसेको देश असल कि खराब, कस्तो छ, र उनीहरू छाउनीमा कि किल्लामा, कस्ता सहरमा बस्दारहेछन्? २० जमिन कस्तो छ, मलिलो कि रूखो, त्यहाँ जङ्गल छ कि छैन सो हेर। साहस गर, र त्यहाँको केही फलफूल ल्याओ।" त्यस बेला प्रथम दाख पाक्ने ऋतु थियो।**

**२१ यसैले तिनीहरू उक्लेर गई जीनको उजाड़-स्थानबाट लेबो-हमाततिरको रहोबसम्म त्यस देशको भेद लिए। २२ तिनीहरू नेगेवतिरबाट उक्लेर हेब्रोनमा पुगे, जहाँ अनाकका सन्तान अहीमन, शेशै र तल्मै बस्थे। हेब्रोनचाहिँ मिश्रको सोअन सहरभन्दा सात वर्ष पहिले निर्माण गरिएको थियो। २३ त्यसपछि तिनीहरू एश्कोलको बेंसीमा गए, र त्यहाँबाट दाखका हाँगाको एक झुप्पा काटेर एउटा घोचोमा हाली दुई जनाले बोकेर ल्याए। तिनीहरूले अनार र नेभारा पनि ल्याए। २४ इस्राएलीहरूले त्यहाँबाट त्यो झुप्पा काटेको हुनाले त्यस ठाउँको नाउँ एश्कोलको बेंसी राखिएको हो। २५ चालीस दिनको अन्तमा त्यस देशको भेद लिइसकेपछि तिनीहरू फर्के।**

**२६ तिनीहरू फर्केर पारानको मरुभूमि भएको कादेशमा मोशा, हारून र इस्राएलीका सारा समुदायकहाँ आए, र सारा समुदायलाई सम्पूर्ण वृत्तान्त बताइदिए, र तिनीहरूलाई त्यस देशका फलफूल देखाए। २७ तिनीहरूले मोशालाई यसो भने, "तपाईंले पठाउनुभएको ठाउँमा हामी पुग्यौं। साँच्ची नै त्यहाँ**

**दूध र मह बग्दारहेछन्, अनि त्यसको फलफूल यही हो। २८ तर त्यहाँ बस्ने मानिसहरू बलिया रहेछन् र सहरहरू पर्खालले घेरिएका र ज्यादै ठूला-ठूला रहेछन्। त्यसबाहेक हामीले त्यहाँ अनाकका सन्तानहरू पनि देख्यौं। २९ नेगेव भनिने दक्षिण क्षेत्रमा अमालेकीहरू, र पहाड़ी क्षेत्रमा हित्ती, यबूसी र एमोरीहरू, अनि समुद्रको नजिक र यर्दन नदीको किनारमा कनानीहरू बस्दारहेछन्।" ३० तब कालेबले मोशाको सामु मानिसहरूलाई शान्त गराएर भने, "हामी तुरुन्त त्यहाँ गएर त्यो देश कब्जा गरौं, किनभने त्यो हामी अवश्य जित्न सक्छौं।"**

**३१ तर तिनीसँग जाने मानिसहरूले भने, "ती मानिसहरूका विरुद्धमा जान हामी सक्नेछैनौं, किनकि ती हामीभन्दा बलिया छन्।" ३२ भेद लिन गएको देशबाट नराम्रो खबर सुनाएर तिनीहरूले इस्राएलीहरूलाई भने, "हामीले भेद लिएर आएको देशले त आफ्नै बासिन्दाहरूलाई निलिहाल्दोरहेछ, र हामीले त्यहाँ देखेका मानिसहरू दैत्यजस्ता रहेछन्। ३३ त्यहाँ हामीले नेफिलीमहरू देख्यौं, जसबाट अनाकका सन्तान आएका छन्। उनीहरूका सामु त हामी आफैलाई फटेङ्ग्राजस्तै लाग्यो। तिनीहरूका नजरमा हामीहरू त्यस्तै देखिन्थ्यौं।"**

कालेबको हस्तक्षेपको बाबजुद पनि शङ्का गर्ने, डरछेरुवा र परमेश्वरको पुरुषार्थलाई नमान्ने बहुमत जासुसहरूको रिपोर्ट सही ठहऱ्याइयो। परमेश्वरको आडलाई सम्झाउँदा पनि इस्राएलीहरू कनान देशलाई जित्न अघि सरेनन्। तिनीहरूका हृदयहरू अशान्ति र व्याकुलले अड्डा जमाए। विजयको निम्ति अघि सर्नुको सट्टा तिनीहरू रुँदै, कराउँदै, चिच्याउँदै गुनासो गर्दै मोशाको विरुद्धमा खडा भए।

जब हामी हृदयदेखि नै बेचैन वा व्याकुल हुन्छौं तब विश्वासद्वारा अघि सर्ने कुरामा संघर्ष गर्छौं। बेचैन वा व्याकुलताले हाम्रो भावना वा मनोवेगलाईमात्र असर गर्दैन। खोजअनसुन्धानकर्ता वैज्ञानिकहरूले हामीलाई यो भन्दछ कि अलिकति आरामले (रातको निन्द्राको कमी) ल्याउने नतिजाले हाम्रो दिमाग र फूर्तिमा असर पार्दछ। त्यतिमात्र होइन, यसले गर्दा मानिसहरूलाई नराम्रो निर्णयहरू गर्न अग्रसर गराउँछ, तिनीहरूमा मोटोपना हुन्छ, लागुपदार्थहरू (चुरोठ, खैनी, मादक पदार्थ नै हुन नहुन्), झन बेचैन वा व्याकुलता र दिक्कलाग्दो तथा बेखुसी जीवनले आक्रमण गरेको हुन्छ।

**गन्ती १४:१-१० पढ्नुहोस्। तब के भयो? "१ त्यस रात सारा समुदाय कराई-कराई रोए। २ सबै इस्राएलीहरू मोशा र हारूनका विरुद्धमा गनगनाए, र सारा समुदायले तिनीहरूलाई भने, "हामी मिश्रदेशमा नै मरेका भए**

**असल हुनेथियो, अथवा यस उजाड़-स्थानमा मरेका भए पनि हुन्थ्यो। ३ किन परमेश्‍वरले हामीलाई तरवारले मर्नलाई यस ठाउँमा ल्याउनुहुँदैछ? हाम्रा जहान र बालबच्चा लूट स्वरूप पक्रिनेछन्। अब मिश्रदेशमा नै फर्कन हामीलाई उचित होइन र?" ४ अनि तिनीहरूले आपसमा भने, "हामी एउटा अगुवा चुनेर मिश्रदेश फर्कौं ल।" ५ तब मोशा र हारून इस्राएलीका सारा समुदायका सामुन्ने घोप्टो परे। ६ देशको भेद लिन गएकाहरूमध्येका नूनका छोरा यहोशू र यपुन्नेका छोरा कालेबले आ-आफ्ना लुगा च्याते, ७ र इस्राएलीहरूका सारा समुदायलाई तिनीहरूले भने, "हामी भेद लिन गएको देश अत्यन्तै असल देश छ। ८ यदि परमप्रभु हामीसित प्रसन्‍न हुनुभयो भने, उहाँले हामीलाई त्यस देशमा ल्याउनुहुनेछ, र त्यो दूध र मह बहने देश हामीलाई दिनुहुनेछ। ९ केवल परमप्रभुको विरुद्धमा खड़ा नहोओ। र त्यस देशका मानिसहरूसित नडराओ, किनकि उनीहरू त हाम्रा शिकार हुनेछन्। उनीहरूको सुरक्षा उनीहरूबाट हटिसकेको छ, तर परमप्रभु हामीतर्फ हुनुहुन्छ। उनीहरूसित नडराओ।" १० तर सारा समुदायले तिनीहरूलाई ढुङ्गाले हान्‍नुपर्छ भनी मतो गरे। त्यस बेला परमप्रभुको महिमा भेट हुने पालमा सबै इस्राएलीहरूकहाँ देखा पर्‍यो।"**

अलि अलि खराबबाट झन झन खराबमा परिस्थिति अघि बढ्यो। "परमेश्‍वरको विरुद्धमा विद्रोह नगर" भन्‍ने कालेबको गम्भिर अनुरोधलाई सुन्न कोही पनि तयार भएनन् बरू सारा समूदायनै मिलेर तिनीहरूलाई ढुङ्गाले हानेर मार्न तम्सियो। व्याकुलता वा बेचैनले विद्रोही हुन निम्त्याउँछ, र विद्रोहले अन्तमा आएर मृत्युतिर अग्रसर गराउँछ।

"विश्‍वासघाती जासुसहरू क्यालेब र यहोशूको प्रस्तावलाई खुलेआमरूपमा विरोध गरे र तिनीहरूको हत्या गर्न चिच्याउँदै ढुङ्गा लिन्दै इस्रायलीहरू अघि बढे। रिस, व्याकुल र हतोत्साहले चुर भएका हुलले परमेश्‍वरका ती विश्‍वासीहरूलाई धुलोपिठो गर्न अघि बढे। तिनीहरू बहुलाएर चिच्याउँदै हातमा ढुङ्गाहरू लिएर अघि बढेका थिए तर तिनीहरूका ढुङ्गाहरू अचानक तिनीहरूको हातबाट झरे, तिनीहरूमा सन्त्रास फैलियो र डरले थुरथुर काँपे। तिनीहरूको हत्या गर्ने योजनालाई परमेश्‍वरले हस्तक्षेप गर्नुभएको थियो। परमेश्‍वरको दन दन आगोको ज्वाला जस्तो उपस्थितिको चमकको महिमा पवित्रस्थानमा चम्कियो। सारा मानिसहरूले परमेश्‍वरको उपस्थितिको शङ्‌केतलाई हेराहेर गरे। शक्तिशाली परमेश्‍वर तिनीहरूको सामु प्रकट भएको थियो र कसैले पनि उहाँका जनहरूलाई हत्या गर्न अगाडि बढ्न आँट आएन।

नराम्रो खबर ल्याउने जासुसहरू भयले आतङ्कित भएर आआफ्ना पालमा लुक्न गए।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* ३९०बाट रूपान्तरित।

त्यसैबेला परमेश्वरको महिमा सार्जजनिकरूपमा प्रकट हुन्छ। यसको विवरण गन्ती १४मा पाउँछौं। त्यसबेला सबै दृश्य नै कठाङ्ग्रिएको थियो। अब हामी मोशासँग परमेश्वरले गर्नुभएको कुरालाई सुन्न अवसर पाउँछौं। ती विद्रोही मानिसहरू ढुङ्गा हातमा लिएर मोशा, कालेब र यहोशू हान्न खोज्नुहो अर्थ परमेश्वर आफैलाई हान्न खोजेको वा उहाँको विद्रोहमा गएको कुरा उहाँले खुलासा गर्नुहुन्छ।

## ४. मोशाले इस्राएलीहरूको निम्ति बिन्तिभाउ वा पैरवी गर्छन्

**यस्तो विद्रोहको सामना गरिरहेको बेलामा परमेश्वरले मोशालाई के गर्ने भनेर सुनाउनुहुन्छ? हेर्नुहोस्, गन्ती १४:११,१२ "११ अनि परमप्रभुले मोशालाई भन्नुभयो, "यी मानिसहरूले मलाई कतिसम्म तिरस्कार गरिरहनेछन्? यिनीहरूका बीचमा मैले गरेका चिन्हहरू देखेर पनि यिनीहरूले कतिसम्म ममाथि अविश्वास गर्नेछन्? १२ यिनीहरूलाई म रूढ़ीले नाश गर्नेछु, तर तिमीबाटै यिनीहरूभन्दा ठूलो र शक्तिशाली जाति बनाउनेछु।"**

सारा इस्राएलीहरूलाई खतम गरेर मोशाकै बंशबाट नयाँ राष्ट्र खडा गरेर तिनीहरूको पिता मोशालाई बनाउने प्रस्ताव परमेश्वरले उनलाई सुनाउनुहुन्छ।

**उनको बिरुद्धमामात्रै होइन परमेश्वरकै विरुद्धमा खुलेआम विद्रोहलाई मोशाले कसरी सम्बोधन गर्छन्? हेर्नुहोस्, गन्ती १४:१३-१९ "१३ मोशाले परमप्रभुलाई भने, "मिश्रीहरूले यो सुने भने के भन्लान्? उनीहरूका बीचबाट आफ्नो शक्ति देखाएर तपाईंले नै यिनीहरूलाई ल्याउनुभएको हो। १४ यस देशका बासिन्दाहरूलाई मिश्रीहरूले यो कुरा बताउनेछन्। तपाईं परमप्रभु यिनीहरूका बीचमा हुनुहुन्छ भन्ने कुरो उनीहरूले सुनिसकेका छन्, तपाईं आमनेसामने नै देखा पर्नुभएको छ, र तपाईंको बादल यिनीहरूमाथि खड़ा हुन्छ र दिनमा बादलको खामो र रातमा आगोको खामो भएर तपाईं यिनीहरूका अगिअगि जानुहुन्छ। १५ अब तपाईंले यस जातिलाई एकै पटकमा मार्नुभयो भने त तपाईंको कीर्ति सुन्ने जातिहरूले यसो भनेर कुरा गर्नेछन्, १६ 'परमप्रभुले ती मानिसहरूलाई दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गर्नुभएको देशमा ल्याउन सक्नुभएन, यसैकारण तिनीहरूलाई उजाड़-स्थानमा मारिदिनुभयो'। १७ "यसैले**

**परमप्रभु, आफ्नो महामहिमा प्रकट गर्नुहोस्, जसरी तपाईंले भन्नुभएको छः १८ 'परमप्रभु रीस गर्नमा धैर्यवान् र अति करुणामय, अधर्म र अपराध क्षमा गर्ने, तर दोषीलाई कुनै रीतिले निर्दोष नठहराउने, पिता-पुर्खाका अधर्मको सजाय उनीहरूका तेस्रो र चौथो पुस्तासम्म पनि दिने हुनुहुन्छ'। १९ बिन्ती छ, तपाईंको महान् करुणाअनुसार, र मिश्रदेशदेखि अहिलेसम्म क्षमा गरिरहनुभएझैं यी मानिसहरूको अधर्म क्षमा गर्नुहोस्।"**

यसबेला मोशा परमेश्वरको परिपक्व र सत्य व्यक्ति रहेछ भनेर उनको व्यक्तित्वलाई देखाउँदछ। मोशाको जवाफ इतिहासको पानामा चिसो भएर बसेपनि त्यसको १४०० वर्ष पछि चेलाहरूको दुःखकष्टको निम्ति प्रार्थना वा बिन्तिभाउ गर्नुभएको हामीलाई येशूको याद दिलाउँछ (यूहन्ना १७)। परमेश्वरसँग मोशाले जुन बिन्तिभाउ गरे त्यही बिन्तिभाउ येशूले गर्नुभएको थियो भनेर बाइबलका धेरै विद्वान र विद्यार्थीहरूले देखेका छन्। यहाँ ती इस्राएलीहरूको दोष वा हाम्रै दोष किन नहोस् त्यसको बारेमा बहस गरिएको छैन। र यद्यपि, मोशाले यसरी बिन्ति चढाँछन्, "तपाईंको करुणाको महानता अनुसार" (गन्ती १४:१९ रूपान्तरित), यी मानिसहरूलाई क्षमा दिनुहोस्। जसरी मोशाको बिन्ति सुन्नुभएर प्रभुले तिनीहरूलाई क्षमा दिनुहुन्छ त्यसरी नै येशूको विन्ति सुन्नुभएर हामीलाई उहाँले क्षमा गर्नुहुन्छ। येशूको मृत्यु, पुनरुत्थानद्वारा र हाम्रो निम्ति बिन्ति गर्ने येशूको कदमले परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ भन्ने कुरोमा हामी ढुक्क हुनसक्छौं।

यसरी मोशाले तिनीहरूको निम्ति बिन्तिभाउ वा पैरवी गर्छन्, "बिन्ती छ, तपाईंको महान् करुणाअनुसार, र मिश्रदेशदेखि अहिलेसम्म क्षमा गरिरहनुभएझैं यी मानिसहरूको अधर्म क्षमा गर्नुहोस्।" बेचैन वा व्याकुलता र विद्रोहलाई अनुग्रहद्वारा भित्रैदेखि सामना गरिन्छ। क्षमा पाउँदा नयाँ जीवनको सुरू हुन्छ।

तर त्यसको मोल नभएको होइन। अनुग्रह कहिल्यै पनि सस्तो वा सित्तैंमा आउँदैन। मानिसहरूलाई क्षमा दिइएतापनि तिनीहरूको विद्रोहको नतिजा भोग्नै पर्ने हुन्छ। अब त्यस पुस्ता प्रतिज्ञा गरिएको देशमा पस्न नपाउने भएका छन् (गन्ती १४:२०-२३)।

तैपनि परमेश्वरले तिनीहरूलाई अर्को ३८ वर्षसम्म उजाडस्थानमा सम्हाल्नुहुनेछ। उहाँले तिनीहरूलाई ख्वाउहुन्छ। पवित्रस्थानबाट तिनीहरूसँग उहाँ बोल्नुहुनेछ। उजाडस्थानमा उहाँ तिनीहरूको साथ हुनेछन्। अनि तिनीहरू

मर्नेछन्। अनि नयाँ पुस्ताले तिनीहरूको राँको बोकेर प्रतिज्ञा गरिएको देशमा जानेछन् र विश्राम पाउनेछन्।

यसो हेर्दा यो परमेश्वरले न्याय गर्नुभएको देखिन्छ। तर खास गरेर यो अनुग्रह नै थियो। यदि तिनीहरूले परमेश्वरमाथि भरोसा राख्न नसिकिकन यस विद्रोही पुस्ताले शक्तिशाली सहरीय राज्यमाथि विजय पाउन सक्थ्यो र? तिनीहरू आफै अन्धकारमा भौंतारिएका छन् भने तिनीहरू अरू जाति वा राष्ट्रको निम्ति कसरी ज्योति हुनसक्छ र? ***पापबाट क्षमा पाइएतापनि तपाईंले कस्ता कडा पाठहरू सिक्नुभएको छ?***

## ५. विश्वासको बिपरित अभिमानले ग्रसित भएर पूर्वानुमानमा चल्नु वा परमेश्वरको परिक्षा गर्नु

**इस्राएली जनहरू उजाडस्थानमा डुलिरहेको र येशूको दोस्रो आगमन पहिले बाँचिरहेका परमेश्वरका जनहरूको बीचमा के समानता छ? हेर्नुहोस्, १ कोरन्थी १०:१-११ "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिंड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो। ५ तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर प्रसन्न हुनुभएन, र तिनीहरू मरुभूमिमा नष्ट भए। ६ उनीहरूले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन्। ७ तिनीहरूमध्ये कतिझैं तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, “मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।” ८ हामी व्यभिचारमा फस्नुहुँदैन, जसरी तिनीहरूमध्ये कति जना फसे, र एकै दिनमा तेईस हजार मरेका थिए। ९ हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र सर्पहरूद्वारा नष्ट भएका थिए। १० हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए। ११ यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ।"**

इतिहासभरि नै परमेश्वरका जनहरू प्रतिज्ञा गरिएको देशमा जान उजाडस्थान जस्तो यस संसारमा भौंतारिरहेका छन्। यस उजाड स्थान वा

मरुभूमिका धेरै अनुहारहरू छन्। अहिले अन्त्य नहुने सञ्चार संजालहरू, मोबाइलमा सन्देश आइरहने र मनलाई भुलाउने र कानै खाने अनेकौं मनोरञ्जनहरूको विगिविगि कहिल्यै अन्त नहुने जस्तो छ। अश्लिल पत्रपत्रिका वा मोबाइल तथा कम्प्युटरमा आउने अश्लिल फोटो तथा सञ्जालहरूले प्रेम भनेको के हो सो हामीलाई बेच्न खोजिरहेका छन्। भौतिक सुविधा र सम्पन्नता नै हाम्रा सबै समस्याहरूको समाधान हो भनेर देखाउन खोजिरहेको छ। अनकौं सञ्चार माध्ययमहरूले हामीलाई यो सन्देश दिइरहेकाछन्ः यदि हामी शरीरमा अलिकति तन्दुरुस्त भए, अलिकति जवानी भएको भए, अलिकति बढि सम्पन्न भएको भए र अलिकति वढि यौनक्रियामा सक्रिय हुनसकेको भए हाम्रो सबै समस्याहरू समाधान हुन्छन्।

इस्राएलीहरू जस्तै हामी शान्ति खोज्न ब्याकुल छौं तर प्रायजसो हामी गलत ठाउँहरूमा खोजिरहेका हुन्छौं।

**इस्राएलीहरूप्रति परमेश्वरले गर्नुभएको फैसलालाई वेवास्ता गरेर तिनीहरूले के गरे? हेर्नुहोस्ः गन्ती १४ः३९-४५ "३६ मोशाले भेद लिन पठाउँदा आएर खराब समाचार दिने मानिसहरू परमप्रभुको सामुन्ने रूढ़ीले मरे, ३७ किनभने तिनीहरूले अशुभ खबर ल्याएर जम्मै समुदायलाई मोशाको विरुद्धमा बोल्न लाएका थिए। ३८ देशको भेद लिन जाने मानिसहरूमध्ये खालि नूनका छोरा यहोशू र यपुन्नेका छोरा कालेब मात्र जीवित रहे। ३९ जब मोशाले सबै इस्राएलीहरूलाई यी कुरा बताइदिए, तब मानिसहरूले ज्यादै बिलौना गर्न लागे। ४० तिनीहरू बिहान सबेरै उठेर यसो भन्दै पहाड़ी क्षेत्रतिर उक्लन लागे, "हेर, हामीहरू यहाँबाट अब परमप्रभुले प्रतिज्ञा गर्नुभएको ठाउँमा उक्लिजाऔं, किनकि हामीले त पाप गरेछौं।" ४१ तर मोशाले भने, "तिमीहरूले किन परमप्रभुको आज्ञा उल्लङ्घन गर्छौ? यो सफल हुनेछैन। ४२ नउक्ल, नत्रता शत्रुहरूले तिमीहरूलाई मार्नेछन्, किनभने परमप्रभु तिमीहरूका बीचमा हुनुहुन्न। ४३ त्यहाँ अमालेकीहरू र कनानीहरूले तिमीहरूलाई सामना गर्नेछन्, र उनीहरूद्वारा तिमीहरू परास्त हुनेछौ। तिमीहरू परमप्रभुको पछि लाग्न छोड्यौ। यसकारण परमप्रभु तिमीहरूका साथमा हुनुहुनेछैन, तर तिमीहरू तरवारद्वारा मर्नेछौ।" ४४ तापनि कुरै नसुनी तिनीहरू पहाड़ी क्षेत्रतिर अगि बढ़े। तर परमप्रभुका करारको सन्दूक र मोशाचाहिँ छाउनीबाट निस्केनन्। ४५ तब त्यस पहाड़मा बस्ने अमालेकी र कनानीहरू तल ओर्लेर तिनीहरूलाई होर्मासम्मै मार्दै र खेद्दै ल्याए।"**

परमेश्वरको फैसला सुनेपछि इस्राएलीहरूले जुन प्रतिक्रिया देखाए त्यो मानव स्वभाव नै थियो। "हामीले पाप गऱ्यौं। ल परमेश्वरले नै भन्नुभएको देशमा गएर कब्जा गरौं" (गन्ती १४:४० रूपान्तरित)।

खालि ओठलेमात्र हामी पापी हौं भनेर देखाउनु नराम्रोसँग सुई दिएको जस्तै हो। यसले काम गर्दैन। आजभोलि बच्चा जन्मेको २४ घन्टाभित्र हापाटाइटिस बी सुई लगाउनुपर्छ भनेर डाक्टरहरूले भन्छन्। यो राम्रो सुरुवात हो। तर त्यसपछि दुई वा तीन अर्को आवश्यक त्यही सुई दिइएनभने त्यसले हापाटाइटिसबाट सुरक्षा हुनसकिन्छ भन्ने छैन।

विद्रोह गरिसकेपछि आफू पछुताएको भनेर ठीक पारा देखाएर मोशाको सल्लाहविपरित आक्रमण गर्न जाँदा के भयो सो गन्ती १४को अन्तिम पदहरूमा उल्लेख गरिएको छ। तिनीहरूले मृत्यु र निराश खप्नुपरेको थियो। परमेश्वरको नयाँ निर्देशनलाई अस्वीकार गरेर हठी भएर परमेश्वरको करारको सन्दुक बिना र मोशाको नेतृत्व बिना तिनीहरू लडाइँ गर्न जान्छन् त तिनीहरूमाथि नै शत्रुहरूको बज्र पर्दछन्।

अनुमान गरेर चल्नु वा हामी परमेश्वरका जनहरू नै हौं नि उहाँले रक्षा गर्नुहुन्छ भनेर उहाँलाई फसाउन खोज्दै अघि सर्दा त्यसले मृत्यु ल्याउन सक्छ। कुनै कुरोको डर भएकै कारणले हामी त्यस्ता निर्णयहरू गर्छौं जुन पछि हामीले पछुताव गर्नुपर्ने हुन्छ।

**विश्वाससाथ काम गरेको र अनुमान गरेर चल्दा के भयो सो सोच्नुहोस्। ती दुईको बीचमा के निर्णयात्मक भिन्नता छ?**

## उपसंहारः

"आफ्ना पापी व्यवहारप्रति ती इस्राएलीहरूले पश्चाताप गरेतापनि त्यो केवल देखावटीमात्र थियो। तिनीहरू दिलैदेखि दुःख मानेका थिए भनेर मानिसहरूले देखेका थिए तर त्यो पश्चाताप सक्कल थिएन। तिनीहरूको दुष्ट कामले ल्याएको नतिजाले गर्दा तिनीहरू दुःख मानेका थिए तर तिनीहरू परमेश्वरप्रति आभारित नहुँदा वा उहाँका आज्ञाहरू पालन नगर्दा के पो भयो भनेर दुःख मानेका थिएनन। परमेश्वरको आदेशमा उहाँ फर्किनुहुनेछैन भनेर जब तिनीहरूले थाहा पाए तब तिनीहरूको महत्त्वाकाँक्ष फेर जगाए तिनीहरू उजाड स्थानमा नफर्किने निर्णयको घोषणा गरे। शत्रुहरूको भूमिबाट अब अलग हुनु भनेर परमेश्वरले दिनुभएको आदेशमा नरही तिनीहरू परमेश्वरप्रति

समर्पित भएको देखाउन दिनु केवल तिनीहरूलाई दिइएको उहाँको परिक्षा थियो जसले तिनीहरू उहाँप्रति गहिरो आस्था नभएको देखाएको थियो। परमेश्वरको प्रतापमा आस्था राख्ने जासुसहरूलाई आवेगमा आएर ढुङ्गाले हान्न खोज्दा तिनीहरू गम्भिर पाप गरेका थिए भनेर तिनीहरूलाई थाहा थियो। आफूहरूले भयानक भूल गरे भनेर तिनीहरू केवल भयभितमात्र भएका थिए। त्यसको नतिजाले तिनीहरूमाथि विपद आएको थियो। तिनीहरूको हृदय परिवर्तन भएको थिएन जसले गर्दा परमेश्वरप्रति आस्था नराखिँदा चल्ने त्यही खालको कदमको निम्ति बहानामात्र चाहिएको थियो। परमेश्वरले दिनुभएको अधिकार प्रयोग गरेर मोशाले उजाड स्थानमा फर्किन आदेश दिएका थिए तर तिनीहरू मान्न तयार थिएनन्।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३९१बाट रूपान्तरित।

"तर अनुमानमा भर परेर विश्वास गर्नु विश्वासै होइन। जो मानिससँग सत्य वा सही विश्वास तथा परमेश्वरमाथि आस्था छ त्यसले आफ्नो दिमागमा अनुमानलाई ठाउँ दिँदैन। अनुमान गरेर चल्ने शैतानको चालबाजी हो जुन विश्वासको नक्कल हो। विश्वासले परमेश्वरका प्रतिज्ञाहरूलाई दावी गर्दछ र आज्ञा पालन गरेर त्यसको फल फलाउँछ। अनुमानित जीवनले पनि परमेश्वरका प्रतिज्ञाहरूको दावी गर्न सक्छ तर त्यो दावी केवल शैतानले गरेको जस्तै हुन्छ जसले परमेश्वरको व्यवस्थाको मर्यादालाई उल्लङ्घन गर्न बहाना बनाउँछ। आफूहरूले जति पाप गरेतापनि परमेश्वरको प्रेम अपार भएकोले उहाँले क्षमा दिइहाल्नहुन्छ भन्ने मनस्थितिमा परमेश्वरको आज्ञालाई पालन नगर्नेहरू हुन्छ। कुन आधार व सर्तमा दया वा सदाशयता देखाउँछ त्यसलाई वेवास्ता गरि परमेश्वरको निगाहा पाउन खोज्नु विश्वास वा आस्था होइन न त प्रतिज्ञाहरूको दावी गर्नु उचित नै छ। सत्य वा सही आस्था वा विश्वासको जग भावनामा नभएर बाइबलमा उल्लेख गरिएका प्रतिज्ञाहरू र त्यसबाट उपलब्ध हुने प्रवन्धहरूमा हुन्छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. १२६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. विश्वास र अनुमानको बीचमा के भिन्नता छ सो सोच्नुहोस्। कालेबको वचनमा विश्वास गरेर कनानदेशमा आक्रमण गर्न जानुचाहिँ विश्वासको काम हुने थियो तर पछि अनुमान गरेर अघि सर्नु किन अनुमान हुन गएको थियो? विश्वास र अनुमानमा भिन्नता ल्याउन मानिसहरूको नियत र परिस्थितिले कस्तो ठूलो भूमिका खेल्न सक्दछ?

आ. हाम्रा पापहरू क्षमा भएतापनि कतिपय समयमा हाम्रा पापको नतिजा अनुसार चल्नु पर्ने वाध्य भएको हुन्छ। यसको बारेमा अझै सोच्नुहोस्। पाप क्षमा भएको थाहा पाउँदा पाउँदै पनि आफ्नो पापको परिणाम भोग्नुपर्दा संघर्ष गरिरहनुपर्ने परिस्थितिको सामनाले मानिसहरूलाई आस्थाको जीवनमा नकारात्मक प्रभाव पारिरहेको हुन सक्छ। आफ्ना प्रियजनहरू पनि प्रभुलाई विश्वास गर्दा गर्दै पनि त्यस्तो किन भयो भनेर दुःखी भएर दिक्दार हुनेहरूलाई तपाईंले कसरी सान्त्वना दिन सक्नुहुन्छ।

## कथा २
## परमेश्वरले हाम्रो यात्रालाई सुरक्षित राख्नुहुन्छ
### जोडी ओपिट्ज, ३९ आरिजोना, अमेरिका



मेरो श्रीमान, डेरेक, र म होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट इन्डियन स्कूलबाट आरिजोना राज्यको राजधानी फिनिक्समा तीन घन्टा लामो यात्रा गर्ने सुरसारमा थियौं। म होलब्रुक स्कूलमा प्रशासकीय सह- अधिकृत र विद्यार्थी भर्नाको रेखदेख गर्ने रजिस्ट्रारको रूपमा काम गर्दछु। मेरो श्रीमान डेरेक त्यही स्कूलको मर्मत-संभार गर्ने सहायकको रूपमा काम गर्दछन्। एक दिन साबथको चर्चको कार्यक्रम सकेपछि मैले जीप हाँक्दै फिनिक्सतिर यात्रा गर्दै थिएँ। मेरो श्रीमान जीपको पछाडि निदाउँदै थिए। हामी हतार हतारमा थियौं। फिनिक्सको चर्चमा दिउँसोपखको प्रवचन सुन्न हामी त्यतातिर जाँदै थियौं। बाटोमा मैले मेरी आमालाई पनि टिपेर लगें।हामीहरूको यात्राको सडकमा कतै धेरै पानी परेको थियो भने कतै सुख्खा थियो। हामी पहाड र बेसीहरू हुँदै गयौं। पहाडका सडकहरू धेरै भिजेका थिए। सडकको कुनाकाप्चातिर ध्यान दिँदै मैले जीप चलाइरहेको थिएँ। सडकमा धेरै कारहरू धेरै रफ्तारमा जाँदै थिए। जब हामी आधा बाटो पुग्यौं तब हाम्रो जीप त फनफनती घुम्न थाल्यो र सडकको किनारामा रहेको माटोको ढिस्कोमा जीप ठोक्यो र ७५मिटर पर गएर जसरीत्यसरी त्यो जीप उँधोमुन्टो भएर रोक्यो। जीपका पाङ्ग्राहरू माथि पारेर जीप रोकेको थियो। त्यस घट्नाले डेरेक र मलाई अत्यन्तै झट्का दियो। एकछिन त हामी एक आपसमा बोल्न पनि सकेनौं। अनि डेरेकले जीपको ढोका जबरजस्ती खोलेर बाहिर निस्कन खोजे। तर ढोका त खोल्नै सकिएन। कारको फ्रेममा झ्याल बलियो गरि टाँसिएको थियो। अनि त्यसैबेला डेरेकले धुँवा सुँघे। जीप आगो लागेर सल्किनेभएपछि उनी चिच्याए, "जसरी भएपनि हामी यहाँबाट जसरी भएपनि निस्कनुपर्छ!"

त्यसबेला एक जना महिलाले मेरो कारको ढोका खोलिदिइन् र सोधिन्, "तपाईंहरूलाई ठिकै छ?" त्यस महिलाले हाम्रो दुर्घट्ना सबै हेरेकी थिइन् र हामीलाई सहयोग गर्न रोकेकी थिइन्। एकै छिनपछि हाम्रो जीपको

वरिपरि मानिसहरू जम्मा भए। त्यस जीपलाई उचाल्न बिग्रेको कारलाई तान्ने कुनै ट्रकलाई बोलायौं कि भनि तिनीहरूले हामीलाई सोधे। बोलाएको छैन भनेर हामीले जवाफ दियौं। तर त्यतिक्कै बेला त्यो ट्रक हाम्रो जीपअगाडि रोक्यो। त्यो ट्रकको चालक डाँतको डाक्टरकहाँबाट फर्केर आफ्नो घरतिर यात्रा गर्दै थिए।"के मैले केही सहयोग गर्न सक्छु?" उनले सोधे। अनि हामीले पुलिसलाई नबोलाइकनै एक जना पुलिस अफिसर देखा परे। उनले कारहरूलाई ठिक गतिमा जाओस् भनेर तिनीहरूलाई अगुवाइ गरिरहेका थिए। त्यो अत्यन्तै आवश्यक थियो किनकि हाम्रो जीप सडकको मोडमा अड्केको थियो जहाँ डगुरीरहेका मोटरहरूले हतपत देखिन्दैनथ्यो। एकै छिनपछि हाम्रो जीप ट्रकमा राखेर मर्मतको निम्ति लान तैयार भयो। हामीले हाम्रो जीप हेऱ्यौं, त्यसमा केही सामान बाहेक सबै बिग्रेको थियो।डेरेक र म त्यस ट्रकमा बस्यौं। अनि त्यसबेला सबै थोक के के भयो सो हामीले सोच्यौं। त्यस दिन हामीले एक जना साथीलाई हामीसँग लान योजना बनाएका थियौं तर त्यो पूरा भएन। प्रायजसो हामी यात्रा गर्दा हाम्रो कुकुरलाई पनि सँगै लान्थ्यौं तर त्यस दिन हामीले त्यसलाई लगेनौं। हाम्रो जीप अड्केको सडकको पल्लो किनारमा ठाडो भिरालो थियो। डेरेक र म अलिकति केही चोटपटक लागेको थियो तर ती बाहेक हामी त्यस दुर्घट्नाबाट बालबाल बचेका थियौं। अर्को कारलाई हामीले किन ठोक्न पुगेनौं? हाम्रो जीप कसरी उल्टो भएर ठडियो? जीप फनफनति घुमेर अर्को छेऊमा कसरी खसेन जसले गर्दा हामी सय फुट वा तीस मिटर तल खस्थ्यौं? त्यसको जवाफ केवल एकमात्र छ, त्यो हो, परमेश्वरले हाम्रो ज्यानलाई बचाउनुभयो। हामी यात्रा गर्नुभन्दा अघि नै उहाँले हाम्रो सबै थोक सम्हाल्नुभएको थियो। पछि हामीले यो थाहा पायौं कि साथीभाइ र परिवारका तीन सदस्यहरूले हाम्रो निम्ति प्रार्थना गर्न दिमागमा प्रभाव पारेको थियो। तिनीहरूले हाम्रो निम्ति प्रार्थना गरिरहेका थिए र परमेश्वरले तिनीहरूको प्रार्थनाको जवाफ दिनुभएको थियो। दुर्घट्ना भएको एक घन्टाभित्रै होलब्रुक इन्डियन स्कूलका साथीहरूले हामीलाई घर लगे।

भजन ९४:२२मा लेखिएको छ, "प्रभु मेरो शरणस्थान हुनुहुन्छ; उहाँ मलाई सुरक्षा दिने चट्टान हुनुहुन्छ (रूपान्तरित)। यो पहिलो घट्ना होइन। परमेश्वरले हामीलाई धेरै पटक सुरक्षित राख्नुभएको थियो। परमेश्वरको निरन्तर हेरचाहको निम्ति हामी उहाँलाई हृदयदेखि धन्यवाद दिन्छौं।